महिला तथा बाल अधिकारको सुनिश्चितता हाम्रो प्रतिबद्धता

# हाम्रो आवाज

मासिक बुलेटिन

बर्ष : १७ अङ्क : ७ महिना : मंसिर, २०७३

*सन्दर्भ लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान*

## “घर शान्ति नै विश्व शान्तिको आधारः दिगो विकासका लागि लैङ्गक हिंसारहित समाज”

नोभेम्बर २५ देखि १० डिसेम्बरसम्म महिला हिंसा विरुद्धको १६ दिने अभियान संसारभरि मनाउने प्रचलन रहेको छ। नोभेम्बर २५ महिला हिंसा विरुद्ध अन्तर्राष्ट्रिय दिवस तथा डिसेम्बर १० अन्तर्राष्ट्रिय मानव अधिकार दिवस एक प्रमुख मुद्दा हो । यो दुई दिवसका बीच पर्ने अरु दिनमा पनि इतिहासमा मानव अधिकारका क्षेत्रमा उल्लेखनीय घटना भएका छन् । यसैले १६ दिनलाई लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको रुपमा मनाइने गरिएको छ ।

अन्तर्राष्ट्रिय महिला मानव अधिकार दिवस, विश्व एड्स दिवस, अपाङ्गता भएका व्यक्तिहरुको अन्तर्राष्ट्रिय दिवसजस्ता महत्वपूर्ण दिवसहरुसमेत यिनै १६ दिन भित्र पर्ने भएकाले अधिकारकर्मीका लागि बढी महत्व राख्दछन् ।

यस बर्ष “घर शान्ति नै विश्व शान्तिको आधारः दिगो विकासका लागि लैङ्गक हिंसारहित समाज” भन्ने नाराका साथ महिला हिंसा विरुद्धको १६ दिने अभियान मनाइरहँदा देशमा जतातततै महिला हिंसाका घटना भइहेका छन् । विश्वव्यापी रुपमा महिला हिंसाका नयाँ प्रकृतिका घटनाले सम्पूर्ण विश्व जगत नै आक्रान्त भएको छ । यसको प्रभावबाट नेपाली समाज पनि अछुतो रहन सकेको छैन । देशमा दैनिकजसो महिला हिंसाका दर्जनभन्दा बढी घटनाहरु भैरहेको अवस्था छ ।

महिला हिंसाविरुद्धको अभियान थालिएको लामो समय बितिसक्दा पनि हिंसाका घटनामा कमी आएको छैन । अझै पनि विभिन्न पत्रपत्रिकामा हत्या, बलात्कार, बोक्सीको आरोप लगाइएका र घरनिकाला गरिएका महिलामाथि भएका हिंसाका घटनाहरु सार्वजनिक हुनेगरेका छन् । दाइजोको निहुँ र बोक्सीको आरोपमा जिउँदै जलाइएका घटना उत्तिकै छन् ।

कहींकतै उजुरी नगरी बर्षौदेखि अज्ञानता, सामाजिक असहयोग, डर धम्की, इज्जतको नाममा मौनता, अपराधमा राजनीतिकरण, गैरकानूनी मेलमिलाप आदिका कारण महिला हिंसाका घटनाहरु बाहिर आउन सकेका छैनन् । त्यस्ता हिंसा सहेर बसिरहेका महिलाको संख्या झन् धेरै छ ।

देशका अधिकांश जिल्लामा महिलामाथि हुने हिंसा रोक्ने प्रयास भइरहे पनि व्यवहारमा भने उपलब्धि हात लाग्न सकेको छैन । दिन-प्रतिदिन घरेलु हिंसा, यौनदुर्व्यवहार, बलात्कार तथा अपराधजन्य घटनाहरुले सञ्चार माध्यममा प्राथमिकता पाइरहेको देखिन्छ । अज्ञानता, सामाजिक असहयोग, डर धम्की, इज्जतको नाममा मौनता, अपराधमा राजनीतिकरण, गैरकानूनी मेलमिलाप आदिका कारण हिंसाका घटनाहरु बाहिर आउन सकेका छैनन् । बाहिर आएका कतिपय घटनाहरु अनुसन्धानको अभाव, सामाजिक असहयोग, पीडितको असुरक्षा, आर्थिक तथा राजनीतिक चलखेलका कारण पीडितले कानूनी उपचार पाउन सकेका छैनन् ।

महिलाको संरक्षण र सम्वर्द्धनका लागि भनेर सरकारी तथा गैरसरकारी क्षेत्रमा समेत ठूलो लगानी भइरहेको छ । दैनिक रुपमा विविध कार्यक्रमहरु सञ्चालन भइरहे पनि महिलामाथि हुने हिंसा न्यूनीकरण हुनुको सट्टा पुनारावृत्ति भइरहेको देखिन्छ ।

## हिंसामा महिला र बालबालिका

महिला तथा बालबालिकामाथि हुने हिंसाका घटना सम्बन्धमा राजधानीबाट प्रकाशित दैनिक अखबारहरुका अनुसार २०७३ को मंसिरमा महिला र बालबालिकामाथि हिंसाका १० वटा घटना भएको पाइएको छ । त्यसमध्ये महिला हिंसासँग सम्बन्धित ७ वटा रहेका छन् भने बालबालिकासँग सम्बन्धित ३ घटना प्रकाशित भएका छन् । प्रकाशित समाचारमा हत्या, बलात्कार, बन्धक, अलपत्र, बोक्सी आरोप, बोक्सीको आरोपमा महिला हत्या लगायतका घटनाहरुसँग सम्बन्धित रहेका छन् । उक्त समाचारअनुसार ३४ जना महिला र बालबालिका हिंसाको शिकार भएका छन् ।



राजधानीबाट प्रकाशित चार दैनिक गोरखापत्र, कान्तिपुर, नागरिक र अन्नपूर्ण पोष्टका अनुसार यस महिनामा ३ महिला र १ बालिकाको हत्या भएको छ । बोक्सीको आरोप र सामूहिक बलात्कारमा २-२ पीडित भएका छन् । १ बालिकालाई जवर्जस्ती बालविवाह गर्नका लागि बन्धक बनाइएको समाचार प्रकाशित भएको छ भने २५ बालकलाई काठमाडौंको एक गुम्बामा बौद्ध शिक्षा पढाउने भन्दै माथिल्लो डोल्पाबाट ल्याई सुर्खेतमा अलपत्र पारेको समाचार पनि प्रकाशित भएको छ । उनीहरुलाई खान र बस्नको समस्या भएको प्रहरीले जनाएको छ ।

**क्षेत्रगत आधारमा**

हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई क्षेत्रगत आधारमा हेर्दा मध्यमाञ्चल ४ पश्चिामाञ्चल ७ र मध्य-पश्चिमाञ्चल ३ रहेको देखिन्छ ।

**इह्रिकन गतिविधि**

**प्रेस विज्ञप्ति**

मिति : २०७३।८।१०

महिला हिंसा विरूद्धको १६ दिने अभियान २०७३ शुरु हुँदैगर्दा ८ मंसिरको राति २० वर्षीया एक युवतीमाथि राजधानीमै सामूहिक बलात्कार भएको छ । आफ्नो प्रेमीसँग हिडिरहेका बेला मोटरसाइकलमा आएका तीन जनाले ती युवतीलाई बलजफ्ती नियन्त्रणमा लिएर बलात्कार गरेको घटना प्रकाशित भएको छ ।

ललितपुरको ग्वार्कोमा दोहोरी साँझमा काम गर्ने पीडित युवती आफ्नो कार्यसमय सकिएपछि प्रेमीसँगै सुन्धारास्थित आफ्नो कोठामा गएकी थिइन् । तर राति घरबेटीले गेट नखोलेपछि उनीहरु हिँडेर प्रेमीको इमाडोलस्थित कोठामा जाँदै थिए । प्रहरीका अनुसार इमाडोलको कृष्णमन्दिर नजिक पुगेपछि एउटै मोटरसाइकलमा आएका तीन जना युवकले उनीहरुलाई रोके । अभियुक्तहरुले प्रेमीलाई कुटपीट गरी ती युवतीलाई मोटरसाइकलको बीचमा हालेर कोठामा लगी सामूहिक बलात्कार गरेको अनुसन्धानबाट खुल्न आएको ललितपुरस्थित प्रहरी कार्यालयले जनाएको छ ।

यस घटनालाई मानव सभ्यताविरुद्धको जघण्य अपराधका रुपमा लिनुपर्छ । यस घटनामा संलग्न भनी अनुसन्धानको घेराभित्र राखिएका ३ जना इमाडोलका प्रवेश थापा, निर्मल थापा र कास्कीका सुशील अर्याललाई कानुनी प्रावधानअनुसार कडाभन्दा कडा सजाय गरियोस् भनी नेपाल सरकारसँग मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) माग गर्दछ ।

साथै, महिलाका लागि राजधानी नै सुरक्षित नभएको प्रमाण यस घटनाले दिएको ठहर गर्दै नागरिकको सुरक्षाका लागि राज्यका संयन्त्र चनाखो रहन र आवश्यक प्रवन्ध मिलाउन पनि सम्बन्धित निकायलाई इह्रिकन अपिल गर्दछ ।

अमृता लम्साल
अध्यक्ष

# यौनहिंसा पीडित महिलाका पक्षमा पैरवी समूह

खड्गबहादुर अस्लामी

काठमाडौं, १७ मंङ्सिर । महिला हिंसा विरुद्धको १६ दिने अभियानका अवसरमा यौनजन्य हिंसाका विषयमा इहृिकनको आयोजनामा बिहीबार नागरिक समाजका सदस्यहरुबीच अन्तरक्रिया सम्पन्न भयो ।




ललितपुरमा ८ मंसिरको राति २० वर्षीया एक युवतीमाथि सामूहिक बलात्कार भएको विषयलाई केन्द्रमा राखेर अन्तरक्रिया भएको थियो । सोही विषयमा महिला तथा अधिकारकर्मी, कानून व्यवसायी तथा विभिन्न संघ-संस्थाका प्रतिनिधिहरुको उपस्थितिमा पीडित महिलाका बारेमा उनलाई कसरी न्याय दिलाउन सकिन्छ भन्ने विषयमा छलफल गरियो ।

छलफल कार्यक्रममा राजधानीमा नै युवतीमाथि सामूहिक बलात्कार भएकाले अन्यत्र महिला कति असुरक्षित रहेछन् भन्ने पक्ष पनि उद्घाटित भएको सहभागीहरुले जनाए । यस्ता घटनाहरु दोहोरिन नदिन विशेष रुपले चनाखो हुन र प्रहरीसँग मिलेर काम गर्न एक पैरवी समूहको गठन पनि सो भेलाले गऱ्यो ।

पैरवी समूहमा इहृिकन, साथी, जुरी-नेपाल, सञ्चारिका समूह, महिला कानून र विकास मञ्च तथा सलर्ड संस्थासहित ६ सदस्य रहेका छन् । समूहले प्रभावित युवतीलाई भेटेर मानसिक रुपमा आश्वस्त बनाउने र प्रहरीसँग मिलेर न्यायका लागि पहल गर्ने कार्यादेश पाएको छ ।



*सन्दर्भ लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान*

नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म सञ्चालन हुने महिला हिंसाविरुद्धको १६ दिने अभियान अन्तर्गत राष्ट्रिय महिला आयोगसहित लैङ्गिक हिंसा न्यूनीकरणका क्षेत्रमा काम गर्ने सरकारी र गैरसरकारी संस्थाले विभिन्न कार्यक्रम आयोजना गरेका छन् । अभियानमा इह्रिकनको पनि सक्रिय सहभागिता रह्यो । अभियानको राष्ट्रिय नारा “घर शान्ति नै विश्व शान्तिको आधारः दिगो विकासका लागि लैङ्गिक हिंसारहित समाज” रहेको थियो ।






थप जानकारीका लागि
**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन )**
ज्वागल कुपण्डोल ललितपुर
फोन नं. **०१- ५५४४२०५, ५२६१९०४** मा सम्पर्क गर्न अनुरोध छ ।